# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं मार्ग १४ गते २०११ साल बनाबाई

भाग २ वस्तुहरु एक बनाबाई

## अर्थमन्त्रालयको सूचना यात्रुबाई ।

पचाससम्मको ।

### गुराटा र झिटीभारीको संशोधि बिलौना ।

पत्रसंख्या ११ गु. प्र. वि. ३।५५४९

जो गुएटाझिटीहरुमा

कुनै यात्रुको भारीहरुमा देहायमा लेखिएका मालहरुलु मैछ । यी मालहरु यात्रुको निजी व्यवहारको निम्ति हुनुपर्छ र ल्याएको हुनुहुँदैन। आफ्नो

(क) पुरानो वस्तुहरु:— बढी

(१) लुगाफाटो बरविछ्याउना कसन बमन इत्यादि घर गृहस्थीका ५ वस्तुहरु मैच्छ ।

(२) फाउन्टेनपेन्, एक यात्रुबाई दुइवटासम्म ।



९३९
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) साइकल, घडी एक एकवटासम्म ।

(४) यात्रुको पेशाको सामान, ज्याभल जस्तै कर्मीको ज्याभल, डाक्टरको चिरफारको सामान, वैद्यको औषधीको बट्टा, इत्यादि ।

(५) एक जहानले सुनाचाँदीको र ज्वाहारात जडाउ मालमाः—

(क) पैठारीमा चलन चल्तीको चाँदीको भाँडा वर्तन गहनामा १५० तोलासम्म सुनको ज्यूमा लगाएको गहनामा नत्थ,बुलाकी,तिलहरी, ढुंग्री, टुकी, चेप्टे, हसुली, औंठीमा थप २० तोलासम्म रज्वाहा-रात ज्यूमा लगाएको गहना मोरु ५,००० पाँच हजारसम्म।

(ख) निकाशीतर्फ डिपोजिट राखी फिर्ता ल्याउने गरी लाने र नत्थ, बुलाकी, तिलहरी, ढुंग्री, टुकी, चेप्टे, हसुली, औंठीबाहेक अरू बिलकुलै बन्द गर्ने । तर यात्रुले आफू नेपाल आउँदा साथमा आएकोमा ल्याउँदा महसूल धरौट राखी निस्सा ली राखेको भए ो निस्सा देखाई धरौटी फिर्ता ली फिर्ता लैजान पाउँछ ।

स्तुहरूः—

(क) चामल, च्यूरा, पिठो, दालहरू, भटमास एक जहानलाई एक पाथीसम्म।

(ख) तेल क जहानलाई ४ मानासम्म ।

(ग) घ्यू एक जहानलाई १ सेरसम्म

(घ) लसुन, खुर्सानी, अरु मसलाहरू एक जहानलाई ।। १ सेरसम्म ।

(ङ) चिनी, सखर एक जहानलाई एक सेरसम्म ।

(च) मिठाई, अचारहरू ।

(छ) चकलेट, पिपरमेंट, चिया, कफी, केक ।।१ पौण्डसम्म एक जहा-नलाई ।

९३२ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) फलफूलहरू महानेपिछे २०।२० गोटासम्म एक जहानलाई ।

(ट) सुख्खा फलफूल (मसाला) १ एक धार्नी एक जहानलाई ।

(२) लुगा फाटाहरू:—

(क) सुती या रेशमी कपडाहरू एक जहानलाई १० गजसम्म ।

(ख) ऊनी कपडाहरू एक जहानलाई ५ गजसम्म ।

(ग) ऊन एक जनालाई एक पाउण्डसम्म ।

(घ) जुत्ता, चप्पल, एक जना यात्रुलाई १।१ जोरसम्म ।

(ङ) टोप, टोपी, मोजा, पञ्जा, स्वीटर, तन्ना, रूमाल एक जनालाई २।२ वटासम्म।

(च) कुल, रग, खास्टो, ओढ्ने, ओछ्याउने वस्तुहरू एक जनालाई एक एक वटासम्म ।

(छ) सिएका लुगाहरू २ जोरसम्म एक जना यात्रुलाई ।

(३) महसूल लाग्ने औषधीहरू एक जहानलाई रु. ५० पचाससम्मको ।

(४) केटाकेटी यात्रुहरूलाई रु. २५ पच्चीससम्मको खेलौना ।

(५) चुरोट जनही ५० पचास खिलिसम्म ।

(१) उपरोक्त दफाहरूमा उल्लेख गरिएको मालहरू रहेको गुण्टा भिटीहरूमा अनुसार महसूल लाग्ने छैन ।

(२) यात्रुहरूले उपरोक्त १ दफामा उल्लेख गरिएको वस्तुहरूसम्म आफ्नो साथमा रहेमा प्रज्ञापन गर्दा मालको विवरण दिनुपर्दैन । सोभन्दा बढी भएमा त्यो खुलाएर लेख्नुपर्छ र त्यसमा दरबन्दीबमोजिम महसूल लाग्छ ।

(३) गुण्टा, भिटी, भारीहरूमा मन १ भन्दा बढीमा मन १ को मो. रु. ।८० वा क. रु. ॥= का दर्ले भिटी दस्तुर लाग्छ लिनु। एक मनसम्मको महसूल लिनुपर्दैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) दफा १ को (क) दफा ५ को (क), (ख) मा उल्लेख भएभन्दा बढी सुना चाँदी ज्वाहारात जडान भइनाइक नियमबमोजिम माल बेजान पाइन्छ र सोबमोजिम बेजान परे ४ दिनअगाडि नै सम्बन्धित भन्सार बजारमा वा गोस्वारा भन्सार मै नियमबमोजिमको कायम गरी सक्नुपर्छ ।

(५) पुरानो बन्दूक, पेस्तौल, हातहतियार इत्यादिको महसूल लाग्दैन तापनि प्रज्ञापनपत्रमा सो खुलाएर लेखिदिनुपर्छ र साथै लाइसेन्स पेश हुनुपर्छ ।

आज्ञाले —

चूडानन्द वैद्य,

का.मु. सेक्रेटरी,—

अर्थमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित, सरदार विष्णुध्वज जोशी ।

१३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।